# स्थानीय राजपत्र

चामुण्डाविन्द्रासैनी नगरपालिकाद्धारा प्रकाशित

खण्ड ५ (संख्या १) असाड १५ गते २०७९ साल

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम चामुण्डा विन्द्रासैनी नगरपालिकाको नगरसभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

## भाग-१
## नगर शिक्षा ऐन(पहिलो संशोधन), २०७९

**प्रस्तावना,**

शिक्षा मानव सभ्यता, संस्कृति र विकासको महत्वपूर्ण साधन तथा पूर्वाधारको पनि पूर्वाधार भएकोले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धी र गुणस्तरीय हुन जरूरी रहेकोले वर्तमान विश्व परिवेशमा राष्ट्र तथा नगर विकासको लागि आवश्यक दक्ष र सीपयूक्त जनशक्ति उत्पादन गरी शिक्षालाई श्रम, श्रमलाई उत्पादन र रोजगारीसँग जोड्न संघीय लोकतान्त्रिक गणतन्त्रात्मक समाजवाद उन्मुख व्यवस्था अनुकूल नगरवासीको सदाचार, शिष्टाचार र नैतिकता कायम राख्न शिक्षा र श्रमप्रति सम्मान भाव भएका नागरिक तयारीका लागि गुणस्तरीय शिक्षा प्रदान गर्न चामुण्डाविन्द्रासैनी नगरपालिकाको क्षेत्र भित्र स्थापना हुने तथा स्थापना भइ सञ्चालन भइरहेका विद्यालय तथा शैक्षिक संस्थाहरुको संचालन, व्यवस्थापन र नियमन गर्न वाञ्छनीय भएकाले,

नेपालको संविधान २०७२ को धारा २२६ (१), स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ (१) ले दिएको अधिकार प्रयोग गरि चामुण्डाविन्द्रासैनी नगरपालिकाको नगरसभाले यो ऐन बनाई जारी गरेको छ ।

**१. संक्षिप्त नाम, विस्तार र प्रारम्भ :** (१) यस ऐनको नाम "नगर शिक्षा ऐन, २०७९"रहेको छ ।

(२) यो ऐन चामुण्डाविन्द्रासैनी नगरपालिका क्षेत्र भित्र लागु हुनेछ ।

(३) यो ऐन चामुण्डाविन्द्रासैनी नगरपालिकाले स्थानीय राजपत्रमा प्रकाशित गरेको मितिबाट प्रारम्भ हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा :-

(क) "अभिभावक" भन्नाले विद्यालयमा अध्ययनरत विद्यार्थीको अभिभावक भनि विद्यालयको अभिलेखमा जनिएको व्यक्ति सम्झनुपर्छ ।

(ख) "अनुमति" भन्नाले नगरपालिकाले स्थायी स्वीकृति र सहायता प्रदान गरि नसकेको कुनै तोकिएको ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न वा कक्षा तह थप गर्न दिएको अस्थायी स्वीकृतिलाई जनाउँछ ।

(ग) "आधारभूत शिक्षा" भन्नाले प्रारम्भिक बालविकास शिक्षा देखि कक्षा आठसम्म दिइने शिक्षा सम्झनुपर्छ ।





(घ) "आधारभूत विद्यालय" भन्नाले खण्ड (ग) बमोजिमको शिक्षा दिइने विद्यालय सम्झनुपर्छ ।

(ङ) "आवासीय विद्यालय" भन्नाले नगरपालिकाबाट आवासीय विद्यालयको रुपमा स्वीकृती प्रदान गरिएको विद्यालयलाई जनाउँछ ।

(च) "आयोग" भन्नाले शिक्षक सेवा आयोग सम्झनुपर्छ ।

(छ) "उपप्रमुख" भन्नाले चामुण्डाविन्द्रासैनी नगरपालिकाको नगर उपप्रमुख सम्झनुपर्छ ।

(ज) "कर्मचारी" भन्नाले सामुदायिक विद्यालयमा कार्यरत शिक्षक बाहेकका अन्य कर्मचारी सम्झनुपर्छ ।

(झ) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेका नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ ।

(ञ) "नगरपालिका" भन्नाले चामुण्डाविन्द्रासैनी नगरपालिका सम्झनुपर्छ ।

(ट) "नगर सभा" भन्नाले चामुण्डाविन्द्रासैनी नगरपालिकाको नगर सभालाई जनाउँदछ ।

(ठ) "नगर शिक्षा समिति" भन्नाले दफा १० बमोजिम गठन हुने समितिलाई जनाउने छ ।

(ड) "प्रमुख" भन्नाले चामुण्डाविन्द्रासैनी नगरपालिकाको नगर प्रमुख सम्झनुपर्छ ।

(ढ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले चामुण्डाविन्द्रासैनी नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ ।

(ण) "प्राविधिक तथा व्यवसायिक शिक्षा" भन्नाले प्राविधिक ज्ञान, सीप तथा व्यवसाय व्यवस्थापन तथा सञ्चालन सम्बन्धी विषयबस्तुमा आधारित भई कक्षा नौ देखि कक्षा बाह्र सम्म प्रदान गरिने शिक्षा सम्झनुपर्छ ।

(त) "प्रारम्भिक बाल शिक्षा" भन्नाले चार वर्ष उमेर पूरा गरेका बालबालिकालाई एक वर्ष सम्म दिइने शिक्षालाई सम्झनुपर्छ

(थ) "माध्यमिक शिक्षा" भन्नाले कक्षा नौ देखि कक्षा बाह्र सम्म दिइने शिक्षा सम्झनुपर्छ ।

(द) "माध्यमिक विद्यालय" भन्नाले खण्ड (थ) बमोजिमको शिक्षा दिइने विद्यालय सम्झनुपर्छ ।

(ध) "विद्यालय" भन्नाले सामुदायिक वा संस्थागत विद्यालय सम्झनुपर्छ ।

(न) "विशेष शिक्षा" भन्नाले दृष्टिविहीन, बहिरा, अटिज्म, बौद्धिक अपाङ्गता, सुस्त श्रवण वा अति अशक्त शारीरिक अपाङ्गता भएका बालबालिकाहरुलाई छुट्टै समुहमा राखी विशेष प्रकार र निश्चित माध्यमबाट दिइने शिक्षा सम्झनुपर्छ ।

(प) "विद्यालय शिक्षा" भन्नाले आधारभूत र माध्यमिक शिक्षा सम्झनुपर्छ ।

(फ) "वडा शिक्षा समिति" भन्नाले वडा भित्रका विद्यालय वा शैक्षिक संस्थाहरू रेखदेख र व्यवस्थापन गर्ने कामका लागि गठन हुने समितिलाई सम्झनुर्छ ।

(ब) "शिक्षा शाखा प्रमुख" भन्नाले नगरपालिकाको शिक्षा , युवा तथा खेलकुद शाखा प्रमुख लाई सम्झनुपर्छ । सो शब्दले उक्त शाखाको प्रमुख भइ काम काज गर्न तोकिएको व्यक्तिलाई समेत जनाउँछ ।

(भ) "शिक्षा शाखा" भन्नाले नगरपालिकाको नगर शिक्षा, युवा तथा खेलकुद शाखा सम्झनुपर्छ ।

(म) "शैक्षिक गुठी" भन्नाले विद्यालय संचालन गर्नका लागि कुनै व्यक्तिले नाफा नलिने उद्देश्यले स्थापना गरेको सार्वजनिक वा निजी गुठी सम्झनुपर्छ ।

(य) "शिक्षक" भन्नाले विद्यालयको अध्यापक सम्झनु पर्छ र सो शब्दले प्रधानाध्यापकलाई समेत जनाउँछ ।

(र) "सहकारी विद्यालय" भन्नाले सहकारीको रूपमा कानून बमोजिम अनुमति प्राप्त सहकारी विद्यालय सम्झनुपर्दछ ।

(ल) "सामुदायिक विद्यालय" भन्नाले नेपाल सरकार वा नगरपालिकाबाट नियमित रुपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनुपर्छ ।

(व) "संस्थागत विद्यालय" भन्नाले नेपाल सरकार वा नगरपालिकाबाट नियमित रुपमा अनुदान नपाउने गरी अनुमति वा स्वीकृती प्राप्त विद्यालय सम्झनुपर्छ।

(श) "स्थायी आवासीय अनुमति" भन्नाले विदेशी मुलुकले कुनै सर्त तोकी वा सो मुलुकमा स्थायी रुपले बसोबास गर्न पाउने गरी नेपाली नागरीकलाई उपलब्ध गराएको डाइभरसिटी इमिग्रेन्ट भिसा (डि.भि.), परमानेन्ट रेजिडेन्ट भिसा (पि.आर.) वा ग्रिन कार्ड सम्झनुपर्छ र सो शब्दले नेपाली नागरिकलाई विदेशमा स्थायी रुपमा बसोबास गर्न दिइएको जुनसुकै नामको स्थायी आवासीय अनुमतिलाई समेत जनाउँछ।

(ष) "स्वीकृति" भन्नाले तोकिए बमोजिमको सर्त पूरा गरेको विद्यालयलाई नेपाल सरकारले दिएको स्थायी स्वीकृतीलाई जनाउँछ।

**३. विद्यालय खोल्न वा कक्षा तह थप गर्न अनुमति लिनुपर्ने :** (१) कुनै नेपाली नागरिकले यस नगरपालिकाभित्र विद्यालय खोल्न वा कक्षा तह थप गर्न चाहेमा तोकिएको विवरण खुलाइ सम्बन्धित वडा कार्यालयको सिफारिस सहित तोकिएको अधिकारी समक्ष अनुमतिको लागि निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा नगर शिक्षा शाखा वा तोकिएको अधिकारीले सो निवेदन उपर आवश्यक जाँचबुझ गर्नेछ र जाँचबुझ गर्दा विद्यालय खोल्न वा कक्षा तह थप गर्न अनुमति दिन मनासिब देखिएमा तोकिएको सर्त बन्देज पालना गर्ने गरि नगर शिक्षा समितिको सिफारिसमा अनुमति दिनेछ।

(३) उपदफा (२) बमोजिम अनुमति लिई खोलिएको विद्यालयले तोकिएको सर्त बन्देज पालना गरेको देखिएमा नगर शिक्षा शाखा वा तोकिएको अधिकारीले अनुमति प्रदान गर्नेछ।

(४) यो ऐन प्रारम्भ हुँदाका बखत कम्पनीको रुपमा सञ्चालनमा रहेका संस्थागत विद्यालयहरुले कम्पनी खारेज गरी शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न चाहेमा तोकिएको अधिकारी समक्ष निवेदन दिन सक्नेछ।

(५) उपदफा (४) बमोजिम निवेदन परेमा तोकिएको अधिकारीले सो निवेदन उपर आवश्यक जाँचबुझ गर्नेछ र जाँचबुझ गर्दा निवेदन मनासिब देखिएमा निवेदनको माग बमोजिम नगर शिक्षा समितिको सिफारिसमा विद्यालय सञ्चालनको लागि स्वीकृति दिनेछ।

(६) नगरपालिकाले तोकिए बमोजिम आवासिय विद्यालय सञ्चालन गर्न तथा ठूला विद्यालय सञ्चालन गर्न अनुमिति दिन सक्नेछ।

(७) विद्यालय खोल्ने विषयमा अन्य व्यवस्था प्रचलित कानून तथा तोकिए बमोजिम हुनेछ।

**४. विद्यालयको संचालन :** विद्यालय सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

**५.परीक्षाको सञ्चालन, व्यवस्थापन तथा समिति सम्बन्धी व्यवस्था :** (१) नगरपालिका अन्तर्गतका विद्यालयहरुमा सञ्चालन गरिने परीक्षाहरूको व्यवस्थापन, सञ्चालन, सहजीकरण गर्न देहाय बमोजिम एक परीक्षा समिति रहनेछ :-

क) प्रमुख प्रशासकीय अधिकृत -अध्यक्ष

ख) सामाजिक विकास समिति संयोजक -सदस्य

घ) सामुदायिक विद्यालयका प्रधानाध्यापक र शिक्षकहरू मध्येबाट एकजना महिला सहित दुई जना -सदस्य

ङ) नगरपालिकाको केन्द्रमा रहेको प्रहरी कार्यालयको प्रमुख -सदस्य

च) नगरस्तरीय शिक्षक महासंघको अध्यक्ष वा प्रतिनिधि -सदस्य

छ) शिक्षा शाखा प्रमुख -सदस्य-सचिव

(२) उपदफा (१) बमोजिम गठित समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

**६. माध्यमिक शिक्षाको प्रकार** : माध्यामिक शिक्षाको प्रकार देहाय बमोजिम हुनेछन् :- :





क) साधारण माध्यमिक शिक्षा

ख) प्राविधिक तथा व्यावसायिक माध्यमिक शिक्षा

ग) गुरुकूल तथा संस्कृत माध्यमिक शिक्षा

**७. विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूरशिक्षा तथा खुला शिक्षा सञ्चालन सम्बन्धी व्यवस्था :** (१) कुनै विद्यालयले विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा सञ्चालन गर्न चाहेमा तोकिएको विवरण खुलाइ शिक्षा शाखामा निवेदन पेश गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा शिक्षा शाखा वा तोकिएको अधिकारीले आवश्यक जाँचबुझ गरि तोकिएको सर्त बन्देज पालना गर्ने गरि नगर शिक्षा समितिको सिफारिसमा अनुमति वा स्वीकृति दिन सक्नेछ।

(३) दूरशिक्षा, समावेशी शिक्षा र विशेष शिक्षाको सञ्चालन साधारण शिक्षा सरह हुनेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएता पनि दृष्टिविहीन, न्युनदृष्टियुक्त, बहिरा, सुस्त श्रवण, अटिज्म, बौद्धिक अपाङ्गता, श्रवण शक्ति नभएका तथा दृष्टिविहीन बालबालिकाको लागि पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षण सिकाइ र मूल्यांकन प्रणालीमा फरक व्यवस्था गर्न सकिनेछ।

**८. शिक्षाको माध्यम :** (१) विद्यालयमा शिक्षाको माध्यम नेपाली भाषा, अंग्रेजी भाषा वा दुबै भाषा हुनेछ।

(२) अंग्रेजी विषय अध्ययन गराउदा अंग्रेजी भाषामा नै गराउनु पर्नेछ।

(३) आधारभूत तह (१-५) सम्म मातृभाषामा पनि शिक्षा दिन सकिनेछ।

**९. विद्यालयको पाठ्यक्रम र पाठ्यपुस्तक :** (१) विद्यालयले नेपाल सरकार, प्रदेश सरकारले स्वीकृत गरेको पाठ्यक्रम तथा पाठ्यपुस्तक लागु गर्नुपर्नेछ।

(२) नगरपालिकाले नगर क्षेत्र भित्रको संस्कृति, सभ्यता, प्राकृतिक स्रोत साधनको संरक्षण एवं उपयोग हुने गरी स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास गरी लागु गर्न सक्नेछ।

**१० नगर शिक्षा समितिको गठन :** (१) नगरपालिका क्षेत्रभित्र सञ्चालन हुने विद्यालयको व्यवस्थापन, रेखदेख र समन्वय गर्ने कामको लागि नगरपालिकामा देहाय बमोजिमको एक नगर शिक्षा समिति रहनेछ :-

क) नगर प्रमुख -अध्यक्ष

ख) नगर उप-प्रमुख -सदस्य

ग) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

घ) सामाजिक विकास समितिको संयोजक -सदस्य

ङ) कार्यपालिकाका सदस्यहरु मध्येबाट महिला र दलित समेत चार जना -सदस्य

"पहिलो संशोधन"

च) नगरपालिका भित्रका विद्यालयका वि.व्य.स.अध्यक्षहरु मध्येबाट नगरशिक्षा समितिले मनोनीत गरेको एक जना -सदस्य

छ) स्थानीय समाजसेवी, शिक्षाप्रेमी तथा बुद्धिजीवीहरु मध्येबाट नगर शिक्षा समितिले मनोनीत गरेको एक महिला सहित तीन जना -सदस्य

ज) सामुदायिक विद्यालयका प्रधानाध्यापकहरु मध्येबाट एक जना महिला सहित दुई जना तथा संस्थागत विद्यालयका संस्थापकहरू मध्येबाट एक जना सहित नगर शिक्षा समितिले मनोनीत गरेका तीन जना -सदस्य

"पहिलो संशोधन"

झ) नगरस्तरीय शिक्षक महासंघको अध्यक्ष -सदस्य

ञ) शिक्षा शाखा प्रमुख -सदस्य-सचिव

(२) उपदफा (१) बमोजिम मनोनित सदस्यको पदावधि दुई वर्षको हुनेछ।

माथि उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि समितिको सदस्यले आचरण विपरित कार्य गरेको पाइएमा समितिको अध्यक्षले त्यस्तो सदस्यलाई जुनसुकै बखत पनि पद मुक्त गर्न सक्नेछ। तर त्यसरी पदबाट मुक्त गर्नु अघि निजलाई आफ्नो सफाइ पेस गर्ने मौका दिनु पर्नेछ।

(३) नगर शिक्षा समितिको बैठक कम्तिमा प्रत्येक महिनाको एक पटक बस्नेछ र बैठक सम्बन्धी कार्यविधि समितिले आफै निर्धारण गरे बमोजिम हुनेछ।

(४) शिक्षा समितिको निर्णय सर्वसहमतिमा हुनेछ। समितिको निर्णय बाझिएमा बहुमतको आधारमा निर्णय गर्न सकिनेछ र बहुमतको निर्णयको मत बराबर भएमा समितिको अध्यक्षले निर्णायक मत प्रयोग गर्न सक्नेछ।

(५) शिक्षा समितिको बैठकमा आवश्यकता अनुसार जनप्रतिनिधिहरू, बुद्धिजीवी, समाजसेवी, विभिन्न विषयका विज्ञहरू, विषयगत शाखाका प्रमुख तथा कर्मचारीहरू आदिलाई आमन्त्रण गर्न सकिने छ।

(६) शिक्षा समितिको काम, कर्तव्य, अधिकार देहाय बमोजिम हुनेछ :-

क) शिक्षा सम्बन्धी नगरस्तरीय योजना तर्जुमा गर्ने,

ख) सामुदायिक विद्यालयलाई आर्थिक सहयोग उपलब्ध गराउने,

ग) शैक्षिक गुणस्तर विकासको लागि स्रोत जुटाउन व्यवस्था गर्ने,

घ) मर्यादित र स्वच्छ वातावरणमा परीक्षा सञ्चालन गर्न सहयोग गर्ने,

ङ) नगरपालिका क्षेत्र भित्र विद्यालय सञ्चालन तथा व्यवस्थापनका लागि अनुमति स्वीकृति, कक्षा तह थप, नाम परिवर्तन, विद्यालय समायोजन, कोचिङ्, ट्यूसन, शैक्षिक परामर्श सेवा सञ्चालन अनुमति तथा स्वीकृति दिने,

च) सामुदायिक विद्यालय अन्तर्गत नेपाल सरकारबाट स्वीकृत शिक्षक दरबन्दी तथा नगरपालिकाले सिर्जना गरेका शिक्षक दरबन्दीलाई विद्यार्थी संख्याको आधारमा न्युनतम कक्षागत दरबन्दी कायम गरि उपलब्ध तथा सिर्जित दरबन्दी वितरण र मिलान गर्ने,

छ) विद्यालयमा शिक्षक विद्यार्थीको अनुपात मिलान गर्ने,

ज) नगर क्षेत्रभित्र रहेका शिक्षक कर्मचारीको नियुक्ति, सरुवा, बढुवा तथा आवश्यक कारबाहीको लागि मापदण्ड तयार गर्ने,

झ) विद्यालय व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने,

ञ) शिक्षा, युवा तथा खेलकुद सम्बन्धी गुनासाहरुको सुनुवाइ तथा व्यवस्थापन गर्ने,

ट) विद्यालय तथा शैक्षिक संस्थाहरू तथा शिक्षक कर्मचारीहरूलाई कार्यसम्पादनको आधारमा प्रोत्साहन, नसियत, दण्ड,जरिवाना तथा कारबाही गर्न गराउने,

ठ) विद्यालयमा अधिकतम् पठनपाठनको व्यवस्थापनका लागि वार्षिक शैक्षिक पात्रो (क्यालेण्डर) निर्माण गरि लागु गर्न गराउने,

ड) शिक्षक तथा विद्यालय कर्मचारीहरूको तालिम सम्बन्धी नीति तर्जुमा गरि लागु गर्ने,

ढ) शैक्षिक सुधारका लागि गोष्ठी, बैठक तथा कार्यक्रमहरू आयोजना गर्ने,

ण) विद्यालय तथा शैक्षिक संस्थाहरूको व्यवस्थित रूपमा अनुगमन, निरीक्षण तथा सुपरिवेक्षणको व्यवस्था मिलाउनु पर्ने,

त) शैक्षिक क्षेत्रसँग सम्बन्धित तोकिएका अन्य कार्यहरू गर्ने,

(७) नगरपालिका, प्रमुख प्रशासकीय अधिकृत र शिक्षा शाखा प्रमुखको काम, कर्तव्य र अधिकार तोकिए बमोजिमको हुनेछ।

**११. वडा शिक्षा समिति :** (१) नगर शिक्षा समितिले नगरपालिकाका प्रत्येक वडामा वडा शिक्षा समिति





गठन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम गठन हुने वडा शिक्षा समितिको गठन प्रक्रिया, काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछन्।

**१२. विद्यालय क्लष्टर सम्बन्धी व्यवस्था :** (१) नगरपालिका अन्तर्गत सञ्चालित सबै वडाहरूका विद्यालयहरूको भूगोलको आधारमा १५ देखि २० विद्यालयहरू रहने गरि एउटा क्लष्टर निर्माण गर्न सकिने छ।

(२) उपदफा (१) बमोजिमको क्लष्टर मा देहाय बमोजिमका सदस्यहरू रहनेछन।

(क) सम्बन्धित क्लष्टर क्षेत्र भित्रका वडाध्यक्षहरू मध्येबाट एकजना -संयोजक

(ख) सम्बन्धित क्लष्टर क्षेत्र भित्रका सामुदायिक विद्यालयका वि. व्य. स. अध्यक्षहरू मध्येबाट एकजना -सदस्य

(ग) सम्बन्धित क्लष्टर क्षेत्र भित्रका सामुदायिक विद्यालयका प्रधानाध्यापक र शिक्षकहरू मध्येबाट एकजना महिला सहित तीन जना -सदस्य

(घ) सम्बन्धित क्लष्टर क्षेत्र भित्रका स्थानीय शिक्षा प्रेमी, बुद्धिजीवी, दलित महिलाहरू मध्येबाट तीन जना -सदस्य

(ङ) सम्बन्धित क्लष्टर क्षेत्र भित्रका माध्यमिक विद्यालयका प्रधानाध्यापकहरूबाट एकजना -सदस्य-सचिव

(३) दफा १२ उपदफा (१) बमोजिम गठित विद्यालय क्लष्टर काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

**१३. सामुदायिक सिकाइ, शैक्षिक परामर्श तथा अनुसन्धान केन्द्र सञ्चालन गर्न सक्ने :** (१) नगरपालिकाले समुदायमा साक्षरता सीप, सीप विकास र निरन्तर सिकाइ समेतको काम गर्न तोकिए बमोजिम सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्नेछ।

(२) नगरपालिकाले आफ्नो क्षेत्रभित्र रहेका विद्यालयका विद्यार्थीहरुलाई आवश्यक शैक्षिक परामर्श तोकिए बमोजिम शैक्षिक परामर्श केन्द्र सञ्चालन गर्न सक्ने छ।

(३) नगरपालिकाले आफ्नो क्षेत्रभित्रको औपचारिक तथा अनौपचारिक शिक्षाका समस्या र समाधानका सम्भावित उपायहरु पत्ता लगाउन विद्यार्थी तथा शिक्षकको लागि अनुसन्धान केन्द्र सञ्चालन गर्न सक्ने छ।

**१४. अभिभावक शिक्षा प्रदान गर्न सक्ने :** (१) नगरपालिकाले विद्यालयहरुको सेवा क्षेत्रभित्रका अभिभावकहरुलाई अभिभावक शिक्षा प्रदान गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम प्रदान गरिने अभिभावक शिक्षा तोकिए बमोजिमको हुनेछ।

**१५. अध्यापन अनुमति पत्र लिनुपर्ने :** यो ऐन प्रारम्भ भए पछि विशेष अवस्थामा बाहेक आयोगबाट अनुमतिपत्र नलिई कसैले पनि शिक्षक पदको लागि उम्मेदवार हुन पाउने छैन।

**१६. अनुदानको व्यवस्था :** सामुदायिक विद्यालयलाई नगरपालिकाले तोकिए बमोजिम अनुदान उपलब्ध गराउन सक्नेछ।

**१७. छात्रवृत्तिको व्यवस्था गर्न सक्ने :** (१) नगरपालिकाले उच्च तहमा साधारण तथा प्राविधिक विषय अध्ययन गर्ने जेहेन्दार, गरिब र अतिविपन्न वर्गका विद्यार्थीलाई आवश्यक सर्त तोकि छात्रवृत्तिको व्यवस्था गर्न सक्नेछ।

(२) छात्रवृत्ति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**१८. शिशु स्याहार केन्द्र र प्रारम्भिक बाल शिक्षासम्बन्धी व्यवस्था :** (१) नगरपालिकाले प्रत्येक समुदायमा शिशुस्याहार केन्द्र र प्रत्येक विद्यालयमा एक प्रारम्भिक बालविकास केन्द्र स्थापना गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम स्थापना भएका वा यसभन्दा अघि स्थापना भइ सञ्चालनमा रहेका

शिशु स्याहर केन्द्र तथा बालविकास केन्द्रलाई नगरपालिकाले तोकिए बमोजिम अनुदान दिन सक्नेछ।

**१९. साझेदारीको रुपमा विद्यालय संचालन गर्न सक्ने :** (१) नगरपालिकाले सामुदायिक विद्यालय र सार्वजनिक शैक्षिक गुठी अन्तर्गत सञ्चालित विद्यालयहरुबीच साझेदारीको रुपमा विद्यालय सञ्चालन गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम सञ्चालन हुने विद्यालयमा गठन हुने विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार तथा साझेदारीका तरिकाहरु तोकिए बमोजिमका हुनेछन्।

**२०. सहकारी विद्यालय सञ्चालन गर्न सकिने :** (१) नगर क्षेत्रभित्र कसैले सहकारी विद्यालय स्थापना गरि सञ्चालन गर्न चाहेमा त्यस्तो संस्थाको विधान र आवश्यक कागजात सहित शिक्षा शाखामा सहकारी विद्यालय सञ्चालन अनुमतिका लागि निवेदन पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएमा तोकिएको अधिकारीले विधान तथा स्थलगत जाँचबुझ गरि गराइ मनासिब देखिएमा नगर शिक्षा समितिको सिफारिसमा निवेदन बमोजिम सहकारी विद्यालय सञ्चालनको अनुमति दिनेछ।

(३) उपदफा (२) बमोजिम अनुमति प्राप्त विद्यालयको सञ्चालन, व्यवस्थापन तथा नियमन तोकिए बमोजिम हुनेछ।

**२१. प्राविधिक शिक्षा तथा व्यावसायिक शिक्षा सम्बन्धी व्यवस्था :** (१) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको अनुमति, सञ्चालन, व्यवस्थापन तथा नियमन तोकिए बमोजिम हुनेछ।

(२) नगरपालिका क्षेत्रभित्र रहेका प्राविधिक शिक्षालयहरुमा अध्ययन गर्ने जस्तैः- सिभिल, कृषि, भेटेरिनरी आदि जस्ता विषयहरुमा सैद्धान्तिक अध्ययन पुरा गरेका प्रशिक्षार्थीहरुलाई संलग्न गराइ समुदायमा व्यवसायिक पाठशाला संचालन गर्न सकिनेछ।

**२२. पुस्तकालय सम्बन्धी व्यवस्था :** नगरपालिकाले नगर क्षेत्र भित्र नगरस्तरीय तथा विद्यालयस्तरीय पुस्तकालयको स्थापना गर्न सक्नेछ।

**२३. विद्यालयको शैक्षिक तथा भौतिक पूर्वाधार :** (१) विद्यालयमा विद्यार्थी संख्या, भूगोल र आवश्यकता अनुसार विद्यालय भवन र कक्षा कोठा, स्वच्छ खानेपानी, अपाङ्गमैत्री तथा छात्रामैत्री शौचालय, खेलमैदान, घेरावार, बगैचा, करेसाबारी, आदि बालमैत्री र सिकाइमैत्री हुनुपर्नेछ।

(२) विद्यालयमा सरसफाइ, प्राथमिक उपचार, नियमित स्वास्थ्य परीक्षण, मनोपरामर्श, महिनावारी हुने छात्राकालागि सेनेटरी प्याड, दिवाखाजा जस्ता न्यूनतम सुविधा उपलब्ध हुनुपर्नेछ।

(३) विद्यालयको तह तथा आवश्यकता अनुसार शैक्षिक तथा भौतिक पूर्वधारको मापदण्ड तोकिए बमोजिम हुनेछ।

**२४. विद्यालय व्यवस्थापन समिति :** (१) सामुदायिक विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नको लागि प्रत्येक विद्यालयमा देहायका बमोजिमका सदस्यहरु रहने गरि एक विद्यालय व्यवस्थापन समिति गठन हुनेछ :-

क) अभिभावकहरुले आफूहरुमध्येबाट छानी पठाएका दुईजना महिला सहित चारजना -सदस्य

ख) विद्यालय रहेको वडाको वडा अध्यक्ष वा वडा समितिले मनोनयन गरेको वडा सदस्य -सदस्य

ग) विद्यालयका संस्थापक, शिक्षाप्रेमी, स्थानीय बुद्धिजीवी, समाजसेवी वा चन्दादाताहरुमध्ये विद्यालय व्यवस्थापन समितिले मनोनीत गरेको एकजना महिला सहित दुईजना -सदस्य

घ) विद्यालयका शिक्षक वा कर्मचारीहरुले आफुहरुमध्येबाट छानी पठाएको एक जना -सदस्य





ङ) नगर शिक्षा समितिले मनोनीत गरेको एकजना -सदस्य

च) विद्यालयका प्रधानाध्यापक -सदस्य-सचिव

(२) माथि उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए पनि प्राविधिक वा व्यावसायिक विषयमा अध्ययन वा तालिम सञ्चालनको अनुमति पाएका माध्यमिक विद्यालय व्यवस्थापन समितिमा नगर उद्योग तथा वाणिज्य महासंघका दुई जना प्रतिनिधि सदस्य रहनेछन्।

(३) विद्यालय व्यवस्थापन समितिका सदस्यहरुले उपदफा (१) को खण्ड क, ख वा ग बमोजिम सदस्यहरु मध्येबाट व्यवस्थापन समितिले चुनेको सदस्य विद्यालय व्यवस्थापन समितिको अध्यक्ष हुनेछ तथा अध्यक्षको हकमा सम्बन्धित विद्यालय तहको शैक्षिक योग्यता हासिल गरि विद्यार्थीको अभिभावक भएको हुनुपर्ने छ।

(४) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष छनौट नभएसम्मका लागि वा अध्यक्षको अनुपस्थितिमा सो समितिका ज्येष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ।

(५) शिक्षा शाखा प्रमुख वा सम्बन्धित विद्यालय निरीक्षकलाई विद्यालय व्यवस्थापन समितिको बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सकिनेछ।

(६) संस्थागत विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहाय बमोजिमका सदस्यहरु रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछ।

क) विद्यालयका संस्थापक वा लगानीकर्ताहरु मध्येबाट विद्यालयको सिफारिसमा शिक्षा शाखा प्रमुखले मनोनीत गरेको व्यक्ति -अध्यक्ष

ख) अभिभावकहरु मध्येबाट महिला दलित सहित विद्यालय व्यवस्थापन समितिले मनोनीत गरेको दुई जना -सदस्य

ग) स्थानीय शिक्षाप्रेमी वा समाजसेवी मध्ये शिक्षा शाखाले मनोनीत गरेको एकजना -सदस्य

घ) सम्बन्धित क्षेत्रको विद्यालय निरीक्षक वा शिक्षा शाखाको प्रतिनिधि -सदस्य

ङ) विद्यालयका शिक्षकहरुले आफुहरुमध्ये छानी पठाएको एकजना -सदस्य

च) विद्यालयको प्रधानाध्यापक -सदस्य सचिव

(७) उपदफा (१), (क) र उपदफा (४) बमोजिम छानिएका वा मनोनीत अध्यक्ष वा सदस्यको पदावधि तीन वर्षको हुनेछ। त्यस्तो अध्यक्ष वा सदस्यले पद अनुसारको आचरण नगरेको देखिएमा त्यसरी छान्ने वा मनोनयन गर्ने अभिभावक, पदाधिकारी वा निकायले निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ। तर त्यसरी पदबाट हटाउनु अघि निजलाई आफ्नो सफाइ पेस गर्ने मौकाबाट वञ्चित गरिने छैन।

(८) सामुदायिक विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

क) विद्यालय सञ्चालनको लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने,

ख) विद्यालयको चल अचल सम्पत्तिको अभिलेख राख्ने, राख्न लगाउने र सुरक्षा गर्ने,

ग) विद्यालयको शैक्षिक, भौतिक तथा आर्थिक तथ्याङ्क र विवरण अद्यावधिक गराई राख्ने,

घ) विद्यालयको वार्षिक बजेट स्वीकृत गर्ने र त्यसको जानकारी नगर शिक्षा समितिलाई दिने,

ङ) शिक्षा शाखाले तोकेको लेखापरीक्षकबाट विद्यालयको वार्षिक लेखापरीक्षण गराउने, लेखापरीक्षकको प्रतिवेदन अनुसार तत्काल आवश्यक काम कारबाही गर्ने र त्यसको प्रतिवेदन नगर शिक्षा कार्यालय पेश गर्ने,

च) शिक्षक सेवा आयोग वा नगरपालिकाबाट खटिएको शिक्षकलाई हाजिर गराइ काममा लगाउने,

छ) नगरपालिका, नगर शिक्षा समिति र शिक्षा शाखाले दिएको आदेश तथा निर्देशनहरुको

पालन गर्ने गराउने,

ज) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्न राजनैतिक, धार्मिक वा साम्प्रदायिक भावनाको आधारमा विद्यालयको वातावरण धमिल्याउन नदिने,

झ) आफैले नियुक्त गरेका शिक्षकको लागि तोकिए बमोजिमको पारिश्रमिक तथा सुविधाको व्यवस्था गर्ने,

ञ) शिक्षाको गुणस्तर कायम गर्ने सम्बन्धमा शिक्षक अभिभावक संघ गठन गर्ने ।

ट) विद्यालय सेवा क्षेत्रमा निरक्षरता उन्मूलन तथा आधारभूत शिक्षा सुनिश्चित गर्नका लागि आवश्यक पहल गर्ने,

ठ)विद्यालय शिक्षा एकै अवधिमा सञ्चालन गर्न आवश्यक प्रबन्ध मिलाउनु पर्ने,

ड) विद्यालय तथा शिक्षासँग सम्बन्धित तोकिएका अन्य कार्यहरू गर्ने ।

(९) संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन् :-

क) विद्यालय सञ्चालनको लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने,

ख) विद्यालयको लागि आवश्यक भौतिक साधनको व्यवस्था गर्ने,

ग) विद्यालयको चल, अचल सम्पत्तिको सुरक्षा र संरक्षण गर्ने,

घ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्ने,

ङ) नेपाल सरकारले लागु गरेको पाठ्यक्रम तथा पाठ्यपुस्तक अनिवार्य लागु गर्ने र अन्य सहयोगी पाठ्यपुस्तक पढाउन आवश्यक देखिएमा नगरपालिका तथा शिक्षा शाखाको स्वीकृती लिने,

च) आयोगबाट अध्यापन अनुमतिपत्र लिइ शिक्षा शाखाले शिक्षक पदको लागि निकालेको प्रतिक्षा सूचीमा सूचीकृत व्यक्तिलाई शिक्षक पदमा नियुक्ति गर्ने,

छ) नेपाल सरकारले तोकिदिएको तलब स्केलमा नघटाई शिक्षकलाई तलब दिने,

ज) अनुशासनहिन शिक्षक उपर कारबाही गर्ने,

झ) संस्थागत विद्यालयले प्रत्येक वर्ष शैक्षिक सत्र सकिएको एक महिना भित्र तोकिए बमोजिमका विवरण सहितको प्रगति विवरण नगर शिक्षा कार्यालयमा पेश गर्नुपर्नेछ ।

ञ) नगरपालिकाले दिएका निर्देशनहरुको पालना गर्ने ।

(१०) यो ऐन प्रारम्भ हुन भन्दा अगाडिको ऐन बमोजिम गठन भएका विद्यालय व्यवस्थापन समितिहरूको पदावधि यो ऐन प्रारम्भ भएको दिनसम्म हुनेछ र यसै ऐन बमोजिम नयाँ विद्यालय व्यवस्थापन समिति गठन गरिने छ ।

**२५. विद्यालय व्यवस्थापन समिति विघटन गर्न सक्ने :** (१) कुनै विद्यालय व्यवस्थापन समितिले तोकिएको जिम्मेवारी पूरा गर्न नसकेमा सो को कारण खुलाइ नगर शिक्षा समितिले त्यस्तो विद्यालय व्यवस्थापन समिति विघटन गर्न सक्नेछ।

तर त्यसरी विघटन गर्नु अघि विद्यालय व्यवस्थापन समितिलाई आफ्नो सफाइ पेस गर्ने मौकाबाट वञ्चित गरिने छैन ।

(२) उपदफा (१) बमोजिम विद्यालय व्यवस्थापन समिति विघटन भएपछि अर्को विद्यालय व्यवस्थापन समिति गठन नभएसम्मका लागि वा अन्य कुनै कारणले विद्यालय व्यवस्थापन समिति गठन नभएसम्म विद्यालय व्यवस्थापन समितिको काम गर्न नगर शिक्षा समितिले ५ सदस्यीय एक अस्थायी विद्यालय व्यवस्थापन समिति गठन गर्न सक्नेछ ।

(३) विद्यालय व्यवस्थापन समितिले पूर्णता पाए पछि उपदफा (२) बमोजिम गठन गरिएको अस्थायी विद्यालय व्यवस्थापन समिति स्वतः खारेज हुनेछ ।

**२६. शिक्षक अभिभावक संघ :** (१) सामुदायिक विद्यालयमा शिक्षक तथा अभिभावकहरू सदस्य रहेको



खण्ड ५ (संख्या १) अषाड १५ गते २०७९ साल

एक शिक्षक अभिभावक संघ रहनेछ ।

(२) उपदफा (१) बमोजिम विद्यालय व्यवस्थापन समितिले अभिभावक भेला गराइ सो विद्यालय व्यवस्थापन समितिको अध्यक्ष, प्रधानाध्यापक र कम्तिमा एकजना शिक्षक समेत रहने गरि बढिमा एघार सदस्यीय शिक्षक अभिभावक संघको कार्यकारी समिति गठन हुनेछ ।

(३) उपदफा (२) बमोजिमको कार्यकारी समितिको बैठक सम्बन्धी कार्यविधि, काम कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

(४) उपदफा (२) बमोजिम गठित समितिको कार्यकाल दुई वर्ष हुनेछ ।

**२७. नगर शिक्षा विकास कोष :** (१) नगरपालिकामा एक नगर शिक्षा विकास कोष स्थापना हुनेछ, जसमा देहायका रकमहरु रहनेछन् :-

क) नेपाल सरकारबाट प्राप्त अनुदान,

ख) प्रदेश सरकारबाट प्राप्त अनुदान,

ग) जिल्ला समन्वय समितिबाट प्राप्त अनुदान,

घ) नगर कार्यपालिकाबाट प्राप्त अनुदान,

ङ) शिक्षा करबाट उठेको रकम,

च) चन्दाबाट उठेको रकम,

छ) दातृ संस्थाले अनुदान स्वरुप दिएको प्राप्त रकम

ज) अन्य स्रोतबाट प्राप्त रकम ।

(२) उपदफा (१) बमोजिम कोषको सञ्चालन र लेखापरीक्षण तोकिए बमोजिम हुनेछ ।

**२८. विद्यालय कोष :** प्रत्येक विद्यालयमा एउटा विद्यालय कोष रहनेछ, जसमा देहायका रकमहरु रहनेछन् :

क) नेपाल सरकारबाट प्राप्त अनुदान,

ख) प्रदेश सरकारबाट प्राप्त अनुदान,

ग) जिल्ला समन्वय समितिबाट प्राप्त रकम,

घ) नगरपालिका तथा नगर शिक्षा विकास कोषबाट प्राप्त अनुदान,

ङ) शुल्कबाट आउने रकम,

च) चन्दा वा दानदातव्यबाट प्राप्त रकम,

**२९. नगरपालिकाले निर्देशन दिन सक्ने :** (१) नगरपालिकाले आवश्यकता अनुसार नगर शिक्षा समिति तथा विद्यालय व्यवस्थापन समितिलाई निर्देशन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम दिइएको निर्देशनको पालना गर्नु नगर शिक्षा समिति र प्रत्येक विद्यालय व्यवस्थापन समितिको कर्तव्य हुनेछ।

**३०. नगरपालिकाले विद्यालय सार्न, समायोजन गर्न, नाम परिवर्तन गर्न वा बन्द गर्न सक्ने :** नगर कार्यपालिका वा तोकिएको अधिकारीले तोकिएको मापदण्ड बमोजिम नगर शिक्षा समितिको निर्णयानुसार सञ्चालन भइरहेका कुनै विद्यालयलाई एक स्थानबाट अर्को स्थानमा सार्न वा दुई वा दुईभन्दा बढी विद्यालयलाई समायोजन गरि एउटा विद्यालय कायम गर्न वा विद्यालयको नाम परिवर्तन गर्न वा विद्यालय बन्द गर्न वा तोकिएको ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न वा विद्यालयमा कक्षा थप गरी सञ्चालन गर्न अनुमति वा स्वीकृति दिन सक्नेछ।

**३१. विद्यालयको सम्पत्ति :** (१) सामुदायिक विद्यालयको हकभोगमा रहेको सम्पत्ति सार्वजनिक सम्पत्ति हुनेछ। यस ऐन बमोजिम अनुमति वा स्वीकृति रद्द गरिएको वा कुनै विद्यालयमा गाभिन गएको सामुदायिक विद्यालयको सम्पत्ति नगरपालिकाले प्रचलित कानून बमोजिम बेचबिखन गरि प्राप्त रकम गाभिएको विद्यालयको सञ्चित कोषमा जम्मा गर्नेछ।

(२) शैक्षिक गुठी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही विद्यालयको नाममा रहनेछ। कुनै विद्यालय सार्वजनिक शैक्षिक गुठीको रुपमा सञ्चालन गरिएकोमा त्यस्तो

विद्यालयको सम्पत्ति सार्वजनिक सम्पति मानिनेछ र त्यस्तो सम्पत्तिको स्वरुप परिवर्तन गर्न पाईने छैन ।

(३) कम्पनी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही कम्पनीको नाममा रहनेछ ।

**३२. विद्यालयलाई छुट र सुविधा :** (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएता पनि सामुदायिक विद्यालय र सार्वजनिक शैक्षिक गुठीको रुपमा सञ्चालित संस्थागत विद्यालयको नाममा जुनसुकै लिखत पारित गर्दा रजिष्ट्रेशन दस्तुर लाग्ने छैन ।

(२) उपदफा (१) मा लेखिए देखि बाहेक अन्य विद्यालयको नाममा जुनसुकै लिखत पारित गर्दा नगरपालिकाले तोकिएको आधारमा रजिष्ट्रेशन दस्तुर छुट दिन सक्नेछ ।

**३३. अनुमति वा स्वीकृति रद्द गर्न सक्ने :** कुनै संस्थागत विद्यालयले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरित कुनै काम गरेमा तोकिएको अधिकारीले त्यस्तो विद्यालयलाई प्रदान गरिएको अनुमति वा स्वीकृति रद्द गर्न सक्नेछ ।

**३४. विद्यालयको वर्गीकरण :** विद्यालयको वर्गीकरणका आधारहरु तोकिए बमोजिम हुनेछन् ।

**३५. विद्यालयलाई सुरक्षित क्षेत्रको रूपमा कायम गर्नुपर्ने :** (१) विद्यालयमा स्वतन्त्र, भयरहित, अनुशासित, शान्त वातावरणमा अध्ययन अध्यापन हुने र कुनै किसिमको अवाञ्छित क्रियाकलाप हुन नदिने गरि विद्यालयलाई सुरक्षित क्षेत्रको रूपमा कायम गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम सुरक्षित क्षेत्र कायम गर्दा पालना गर्नुपर्ने मापदण्ड तोकिए बमोजिम हुनेछ ।

**३६. शुल्कसम्बन्धी व्यवस्था :** (१) आधारभूत शिक्षाका लागि सामुदायिक विद्यालयले विद्यार्थीसँग कुनै पनि शुल्क लिन पाउने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै अभिभावकले आफ्नो इच्छाले सामुदायिक विद्यालयलाई दिएको दान, उपहार, चन्दा वा सहयोग विद्यालयले लिन सक्नेछ ।

(३) सांकेतिक भाषाको प्रयोग गर्ने विद्यार्थीलाई निशुल्क शिक्षाको अवसर प्रदान गरिनेछ ।

(४) उपदफा (१) र (३) बमोजिम नि:शुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षा बाहेक अन्य विद्यालय शिक्षामा अध्ययन गर्ने विद्यार्थीसँग लिइने शुल्क तोकिएको बमाजिम हुनेछ ।

(५) संस्थागत विद्यालयले विद्यार्थीसंग लिन पाउने शुल्क नगर शिक्षा समितिको सिफारिस अनुसार तोकिएको अधिकारीबाट स्वीकृति गराइ निर्धारण गर्नु पर्नेछ । त्यसरी शुल्क निर्धारण गर्दा तोकिएको अधिकारीले विद्यालयले उपलब्ध गराएको सुविधाको आधारमा स्वीकृति दिनेछ ।

(६) यस ऐन विपरीत शुल्क लिने विद्यालयलाई तोकिएको अधिकारीले त्यस्तो शुल्क विद्यार्थीलाई फिर्ता गर्न लगाइ एक लाख रुपैयासम्म जरिवाना गर्न सक्नेछ ।

**३७. नेपाल शिक्षक महासंघ, शिक्षक तथा कर्मचारीको पदीय आचरण तथा अन्य व्यवस्था :** (१) साामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारीहरुको पेसाागत हक हितको सम्बन्धमा कार्य गर्न नगरपालिकामा एक नेपाल शिक्षक महासंघ रहनेछ ।

(२) नेपाल शिक्षक महासंघको गठन तोकिए बमोजिम हुनेछ ।

(३) देहायको अवस्थामा शिक्षक तथा कर्मचारीलाई पदबाट हटाइने छ ।

क) पदीय दायित्व पूरा नगरेमा,

ख) बिना सूचना लगातार पन्ध्र दिनभन्दा बढि समय विद्यालयमा अनुपस्थित भएमा,

ग) विद्यालयमा मादक पदार्थ सेवन गरि आएको कुरा प्रमाणित भएमा,

घ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा,

ङ) सामुदायिक विद्यालयका शिक्षक वा कर्मचारीले कार्यालय समयमा अन्यत्र अध्यापन वा





अन्य कुनै व्यावसायिक क्रियाकलाप गरेमा,

च) शिक्षक वा कर्मचारी राजनीतिक दलको कार्यकारणी समितिको सदस्य पदमा भएको पाइएमा,

छ) शिक्षकले अन्य देशको स्थायी आवासीय अनुमति पत्र लिएमा ।

(४) उपदफा (१) को खण्ड (च) मा जुनसुकै कुरा लेखिएता पनि आफ्नो पेसागत हकहितको लागि खोलिएको पेसागत संगठनको सदस्य हुनबाट रोक लगाएको मानिने छैन ।

(५) शिक्षकलाई विद्यालय व्यवस्थापन समिति र नगर शिक्षा समितिको सिफारिसमा शिक्षा शाखा प्रमुखले हटाउन सक्नेछ ।

तर त्यसरी पदबाट हटाउनु अघि सफाइ पेश गर्ने अवसरबाट वञ्चित गरिने छैन ।

**३८. शैक्षिक योग्यता :** विद्यालयको शिक्षक तथा कर्मचारीको लागि चाहिने शैक्षिक योग्यता तोकिए बमोजिम हुनेछ ।

**३९. शिक्षक विद्यार्थीको अनुपात मिलाउनुपर्ने :** नगर शिक्षा समितले प्रत्येक विद्यालयमा तोकिए बमोजिम विद्यार्थी संख्या तथा विषयगत आधारमा शिक्षक तथा विद्यार्थीको अनुपात कायम गर्नुपर्नेछ ।

**४०. शिक्षक तथा विद्यालय कर्मचारीलाई अन्य काममा लगाउन नहुने :** (१) सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारीहरूलाई शिक्षा प्रदान गर्ने वा विद्यालय प्रशासन सम्बन्धी काममा बाहेक अन्य काममा लगाउनु हुँदैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि विद्यालयको पठनपाठन तथा प्रशासनिक कार्यमा बाधा नपर्ने गरि राष्ट्रिय तथा नगरस्तरीय जनगणना, निर्वाचन सम्बन्धी काम, प्राकृतिक प्रकोप उद्धार वा नेपाल सरकार र नगरपालिकाले तोकेको अन्य कुनै काम काजमा खटाउन सकिनेछ ।

**४१. अदालतको आदेशबाट पुनः बहाली हुन सक्ने :** (१) विभागीय सजाय भइ नोकरीबाट हटाइएको वा बर्खास्त भएको शिक्षक तथा कर्मचारी अदालतको आदेश वा फैसला बमोजिम सफाइ लिइ आएमा मात्र नोकरीमा पुन:बहाली हुन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम पुन:बहाली भएको शिक्षकले हटाएको वा बरखास्त भएको समय देखि पुन:बहाली भएको समय सम्मको पूरा तलब पाउनेछ ।

**४२. शिक्षक तथा कर्मचारीको सरुवा नियुक्ति तथा दरबन्दी मिलान सम्बन्धी व्यवस्था :** (१) नगरपालिका भित्रका विद्यालयहरूमा तोकिए बमोजिमको संख्यामा शिक्षक तथा कर्मचारीहरू रहनेछन र रिक्त अस्थायी, राहत, करार, अनुदान तथा निजीस्रोत शिक्षक तथा कर्मचारीको नियूक्तिको व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(२) नगरपालिकाबाट नगर क्षेत्र बाहिर सरुवा भइ जाने तथा नगरपालिकाभित्र अन्य स्थानीय तह वा जिल्लावाट सरुवा भइ आउने शिक्षकले तोकिए बमोजिमको फाराम भरी सम्बधित नगर शिक्षा शाखामा निवेदन दिनुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम निवेदन प्राप्त भएमा नगरपालिकाबाट नगर बाहिर सरूवा भई जान चाहाने शिक्षकको हकमा नगर शिक्षा शाखाले नगर शिक्षा समितिको सिफारिसमा विद्यालय व्यवस्थापन समितिको निर्णय, विद्यालयको पत्र र अनुसूची फारामको आधारमा सरूवा सहमति वा अनुमति दिन सक्नेछ र नगरपालिका भित्र सरूवा भइ आउने शिक्षकको हकमा शिक्षा शाखा प्रमुखले दरबन्दी रिक्त र विषय मिल्ने देखिएमा दुवै विद्यालयको विद्यालय व्यवस्थापन समितिको सहमति, विद्यालयको पत्र र अनुसूची फाराम अनुसार नगर शिक्षा समितिको सिफारिसमा एक विद्यालय देखि अर्को विद्यालयमा सरुवा गर्न सक्नेछ ।

(४) उपदफा (२) र (३) मा जुनसुकै कुरा लेखिएको भएता पनि नगरपालिका भित्र एउटै

विद्यालयमा ५ वर्ष सेवा अवधि पूरा गरेको शिक्षकलाई नगरपालिका भित्रको कुनै विद्यालयमा निश्चित मापदण्डको आधारमा शिक्षा शाखा प्रमुखले सरुवा गर्न सक्नेछ।

(५) तोकिएको मापदण्डको आधारमा नगरपालिकाले दरबन्दी मिलानको क्रममा शिक्षकको सरुवा गर्न सक्नेछ। त्यस्तो अवस्थामा माथिका उपदफाहरु लागु हुन सक्ने छैनन्।

(६) नगरपालिका भित्रका विद्यालयहरूमा दरबन्दी मिलान आधारभूत तह (१-५) सम्म विद्यार्थी संख्या, आधारभूत तह (६-८) र माध्यमिक तह (९-१२) सम्म विषयगत आधारमा न्यूनतम कक्षागत दरबन्दी कायम गरि नगर शिक्षा समितिको निर्णयानुसार दरबन्दी वितरण तथा मिलान गर्न सकिने छ।

(७) उपदफा (५) बमोजिम दरबन्दी मिलान गरिएको शिक्षकले १५ दिन भित्र रमाना लिइ दरबन्दी मिलान गरिएको विद्यालयमा हाजिर हुनुपर्ने छ। हाजिरी नगराउने प्रधानाध्यापक वा रमाना नलिने र लिएर पनि हाजिरी नहुने शिक्षकलाई विभागीय कारवाही गरिनेछ।

(८) कुनै पनि शिक्षक तथा कर्मचारीले आफ्नो सट्टामा अन्य कुनै व्यक्तिलाई खेतालाको रुपमा राख्न पाइने छैन।

**४३. प्रधानाध्यापक, सहायक प्रधानाध्यापक र इन्चार्ज सम्बन्धी व्यवस्था :** (१) हरेक विद्यालयको शैक्षणिक तथा प्रशासनिक कार्य सम्पादन गर्नको लागि त्यस विद्यालयमा भएका शिक्षकहरु मध्येबाट एकजना सक्षम, योग्य र वरिष्टतम् शिक्षक प्रधानाध्यापक रहनेछ। साथै तहगत इन्चार्जको व्यवस्था गर्न सकिनेछ।

(२) प्रधानाध्यापकको छनौट, काम, कर्तव्य र अधिकार तथा सेवा, सुविधा सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

(३) माध्यमिक विद्यालयको हकमा एकजना सहायक प्रधानाध्यापकको व्यवस्था गर्न सकिने छ।

**४४. संस्थागत विद्यालयले छात्रवृत्ति उपलब्ध गराउनुपर्ने :** (१) संस्थागत विद्यालयले विद्यालयमा भर्ना भएका कूल विद्यार्थी संख्याको दश प्रतिशतमा नघटाई जेहेन्दार, विपन्न, अपाङ्ग, महिला, दलित तथा जनजाति विद्यार्थीलाई निशुल्क छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम छात्रवृत्ति छनौट समिति र छनौटका आधारहरु तोकिए बमोजिमका हुनेछन्।

**४५. तलब भत्ता नपाउने र सेवा अवधि गणना नहुने :** दफा ४१ को अवस्थामा वा नियमानुसार बिदा स्वीकृत गराई बसेको अवस्थामा बाहेक विद्यालयमा अनुपस्थित रहेको शिक्षकले अनुपस्थित अवधिको तलब भत्ता पाउने छैन र त्यस्तो अवधी निजको सेवामा गणना हुने छैन।

**४६. दरबन्दी सिर्जना गर्न सक्ने :** नेपाल सरकारद्वारा स्वीकृत दरबन्दी नभएका र दरबन्दी अपुग भएका विद्यालयका लागि नगरपालिकाले आवश्यकता अनुसार निश्चित समय वा अवधिका लागि करार शिक्षक तथा कर्मचारी पद सिर्जना गर्न सक्नेछ।

**४७. बालबालिकालाई निष्कासन गर्न, शारीरिक वा मानसिक दुर्व्यवहार गर्न नहुने :** (१) कुनै पनि बालबालिकालाई विद्यालयबाट निष्कासन गर्न पाईने छैन।

(२) विद्यालयमा अध्ययनरत बालबालिकालाई शारीरिक वा मानसिक यातना दिन वा दुर्व्यवहार गर्न पाइने छैन।

**४८. शैक्षिक परामर्श सेवा, विदेशी शैक्षिक कार्यक्रम, कोचिंग, टुयुसन वा शिक्षण कोर्स सञ्चालन सम्बन्धी व्यवस्था :** (१) कसैले पनि यस ऐन बमोजिम अनुमति नलिइ शैक्षिक परामर्श सेवा, ब्रिज कोर्ष, भाषा शिक्षण कक्षा, पूर्व तयारी कक्षा, कोचिंग, टुयुसन वा विदेशी मुलुकमा संचालित कुनै शैक्षिक कार्यक्रम संचालन गर्न पाउने छैन।

(२) उपदफा (१) बमोजिमका शैक्षिक कार्यक्रमको अनुमति, अनुगमन र नियमन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।





**४९. प्रगति विवरण बुझाउनु पर्ने :** सामुदायिक तथा संस्थागत विद्यालयहरूले प्रत्येक वर्ष तोकिए बमोजिमको मासिक विवरण सहित नगर शिक्षा शाखामा प्रगति विवरण बुझाउनु पर्नेछ।

**५०. दण्ड सजाय :** (१) कसैले विद्यालयको सम्पत्ति हिनामिना वा नोक्सान गरेमा त्यस्तो व्यक्तिलाई मुद्दा हेर्ने अधिकारीले बिगो असूल गरी बिगोको दोब्बर जरिवाना गर्न सक्नेछ।

(२) कसैले देहाएका कार्य गरेमा वा गर्न लगाएमा वा सो कार्यमा सहयोग पुर्‍याएमा त्यस्तो व्यक्तिलाई कसुरको मात्रा हेरि एक लाख रुपैयासम्म जरिवाना वा ६ महिनासम्म कैद वा दुवै सजाय हुनेछ।

क) प्रश्नपत्रको गोपनियता भंग गरेमा,

ख) उत्तरपुस्तिका परीक्षण गर्दा लापर्बाही वा गैरजिम्मेवारीपूर्ण कार्य गरेमा,

ग) परीक्षाकेन्द्रमा सम्बन्धित पदाधिकारीको स्वीकृति बेगर प्रवेश गरेमा वा प्रवेश गर्ने प्रयत्न गरेमा वा परीक्षा केन्द्र नियन्त्रणमा लिइ अमर्यादित कार्य गरेमा,

घ) परीक्षाफल प्रकाशनमा अनियमितता गरेमा,

ङ) अरुको तर्फबाट परीक्षा दिएमा,

च) परीक्षाको मर्यादा भङ्ग हुने अन्य कुनै कार्य गरेमा,

छ) विद्यार्थी भर्ना गर्दा दान, उपहार वा अन्य कुनै रकम लिएमा,

ज) अनुमति नलिई दफा ४८ बमोजिमका शैक्षिक कार्यक्रम सञ्चालन गरेमा।

(३) कानून बमोजिमको कसुरका सम्बन्धमा विद्यालयको कुनै शिक्षक वा कर्मचारी उपर मुद्दा हेर्ने अधिकारी वा अदालतमा मुद्दा दायर भएमा त्यस्तो शिक्षक वा कर्मचारी त्यसरी मुद्दा दायर भएको मितिदेखि टुंगो नलागेसम्म निलम्बित हुनेछ। सो शिक्षक वा कर्मचारी अदालतबाट कसुरदार ठहरिएमा यस ऐन बमोजिम विभागीय सजाय गरिनेछ।

(४) निलम्बन अवधिमा शिक्षकले आधा तलब पाउनेछ भने सफाइ पाएमा पुरा तलब पाउनेछ।

**५१. पुनरावेदन :** तोकिएको अधिकारीले गरेको सजायको आदेश उपर ३५ दिनभित्र कानून बमोजिम पुनरावेदन लाग्नेछ।

**५२. युवा तथा खेलकुद :** (१) युवा तथा खेलकुदको क्षेत्रमा राष्ट्रपति रनिङ्ग शिल्ड, नगरप्रमुख कप लगाएत अन्य खेलकुद कार्यक्रमहरू र युवा लक्षित कार्यक्रमहरू आयोजना तथा सञ्चालन गर्न सकिनेछ।

(२) यस सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**५३. अनुगमन, निरीक्षण, सुपरिवेक्षण तथा मूल्याङ्कन :** यस नगरपालिका अन्तर्गत सञ्चालित सामुदायिक तथा संस्थागत विद्यालयहरूको अनुगमन, निरीक्षण, सुपरिवेक्षण तथा मूल्याङ्कन नगरपालिका, नगर शिक्षा समिति, शिक्षा शाखा, वडा समिति, वडा शिक्षा समिति र तोकिएको आधिकारिक व्यक्तिबाट जुनसुकै समयमा गर्न र निर्देशन दिन सकिनेछ। त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित सामुदायिक तथा संस्थागत विद्यालय र शैक्षिक संस्थाको अनिवार्य दायित्व हुनेछ।

**५४. नियम ,निर्देशिका तथा कार्यविधि बनाउने सक्ने :** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नगरपालिकाले यस शिक्षा ऐन तथा प्रचलित कानून बमोजिम आवश्यक नियम, निर्देशिका तथा कार्यविधि बनाउन सक्नेछ।

**५५. संक्रमणकालीन व्यवस्था :** (१) यस ऐनमा तोकिए बमोजिम हुने गरि व्यवस्था गरिएको काम कार्वाहीहरू नियमावली, निर्देशिका तथा कार्यविधि निर्माण नहुन्जेलसम्म प्रचलित नियम कानून बमोजिम गर्न सकिनेछ।

**५६. संशोधन, बाधा अड्काउ फुकाउने अधिकार :** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न आवश्यक संसोधन गर्नुपरेमा नगरसभाले संशोधन गर्न सक्नेछ र बाधा अड्काउ परेमा नगरपालिकाले त्यस्तो बाधा अड्काउ हटाउन आदेश जारी गर्न सक्नेछ र त्यस्तो आदेश यसै ऐनबमोजिम भए सरह मानिनेछ।

**५७. बचाउ र लागू नहुने :** (१) यस अघि भए गरेका कार्यहरू यसै ऐन र यस ऐन अन्तर्गत बनेका

नियममा लेखिएजति कुरामा सोही बमोजिम र नलेखिएको कुरामा प्रचलित कानून बमोजिम हुनेछ।

(२) यस ऐनमा लेखिएको कुनै कुराले पनि विद्यालयको सम्पत्ति हिनामिना गरेको कसूरमा प्रचलित भष्टाचार निवारण ऐन बमोजिम कारवाही चलाउन बाधा पर्ने छैन।

**५८. स्वतः खारेज हुने :** यो ऐनका दफा तथा उपदफाहरु संघ, प्रदेश तथा अन्य प्रचलित कानूनसँग बाझिएको हद सम्म स्वतः खारेज हुनेछ।

**५९. खारेजी :** चामुण्डाविन्द्रासैनी नगरपालिकाको नगर शिक्षा ऐन, २०७५ खारेज गरिएको छ।

आज्ञाले

मणिराम खराल

प्रमुख प्रशासकीय अधिकृत



खण्ड ५ (संख्या १) असाड १५ गते २०७९ साल